# बागमती गाउँपालिका
# Bagmati Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
भट्टेडाँडा, ललितपुर
Bhattedanda, Lalitpur
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal


प.सं. २०८१/०८२
च.नं

## विषयविज्ञ शिक्षक सूचिकृत हुने सम्बन्धी सूचना।
## ( दोस्रो पटक प्रकाशित मिति २०८१/०५/१७ )

प्रस्तुत विषयमा यस बागमती गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा विभिन्न तहमा करार शिक्षक छनौट गर्ने प्रयोजनार्थ तोकिएको योग्यता पुगेको सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुबाट विषय विज्ञ सुचिकृत गर्नु पर्ने भएकोले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमको कागजात सहित शिक्षा, युवा तथा खेलकुद शाखामा वा bagmatieducation@gmail.com मार्फत पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

न्यूनतम योग्यता

१. प्राथमिक तहको विषय विज्ञको लागि सम्बन्धित तहमा स्थायी नियुक्ति भई कम्तीमा १ वर्ष सेवा गरेको तथा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।
२. निम्न माध्यमिक तहको विषय विज्ञको लागी सम्बन्धित तह अथवा माध्यमिक तहमा स्थायी नियुक्ति भई कम्तीमा १ वर्ष सेवा गरेको तथा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।
३. माध्यमिक तहको विषय विज्ञको लागि सम्बन्धित तहमा स्थायी नियुक्ति भई कम्तीमा १ वर्ष सेवा गरेको तथा सम्बन्धित विषय लिई कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, कक्षा ११,१२ को हकमा सम्वन्धित विषयमा अध्यापन गरेको ।

**आवश्यक कागजातहरु**

क ब्यक्तिगत निवेदन ।
ख, नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
ग, सम्बन्धित तहको स्थायी नियुक्ती पत्र ।
घ तोकिएको न्यूनतम योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु ।
ङ ब्यक्तिगत विवरण ( CV )

प्रेमकुमार पुरी
अधिकृतस्तर सातौं
**प्रेम कुमार पुरी**
**अधिकृत सातौं (शिक्षा)**